# ११

# स्वच्छ वातावरण तथा प्राकृतिक स्रोतमाथिको अधिकारप्राप्तिका लागि भएका आन्दोलनहरू

**शरद घिमिरे र जगन्नाथ अधिकारी**

## संयुक्त राज्य अमेरिका

### संरक्षणवादी अभियान[1]

इसाको १५/१६औं शताब्दीमा जब यूरोपेलीहरू अमेरिकामा आए, त्यहाँ आदिवासी अमेरिकीहरू प्रकृतिसँग गहिरो सम्बन्ध गाँसेर हजारौं वर्षदेखि जीवनयापन गर्दै आएका थिए । उनीहरूको जीवनशैली वन-जङ्गल/शिकारमा आधारित थियो र प्रकृतिप्रति अगाध आस्था थियो । सन् १८५० देखि १९०० को अवधिमा उपनिवेशवादी यूरोपेलीहरूले आफ्नो साम्राज्य विस्तार क्रममा त्यहाँका प्राकृतिक स्रोतको अत्यधिक दोहन गरे । त्यहाँको घना जङ्गली क्षेत्र डरलाग्दो हुन्छ भनेर त्यसलाई सखाप पारी बस्तीहरूको विस्तार गर्न थालियो । सन् १८५० सम्म ८० प्रतिशत भू-भाग आदिवासी अमेरिकीबाट संयुक्त राज्य अमेरिकाको सरकारको नियन्त्रणमा आइसकेको थियो । आदिवासी अमेरिकीको विस्थापन, ठूलो वन विनाश र वन्यजन्तु विनाशले अमेरिकाको ठूलो क्षेत्र चरनका लागि उपलब्ध भयो । हजारौं गाइवस्तु पाल्ने ठूला किसान–खासगरी ब्रिटिश मूलका–ले सार्वजनिक जमिन ओगट्दै बार-बन्देज गर्न थाले । निजी चरन, काठ (टिम्बर) तथा खानी उत्खनन्का लागि मात्र नभएर राज्यनियन्त्रित संस्था, स्कूल, विश्वविद्यालय तथा अन्य व्यक्तिगत घर जग्गा जमिनका लागि सार्वजनिक जमिन दिइयो वा न्यून मूल्यमा बेचियो ।

त्यतिबेला (सन् १८८० सम्म) केही व्यक्तिहरूले बढ्दो प्रकृति विनाशको विरोधमा आवाज उठाउने, लेख्ने कार्य गर्न थाले, जसले त्यहाँको शुरुआती संरक्षण-वादी अभियानको झलक दिन्छ । ती मध्ये जर्ज क्याटलिन, होरेस ग्रिली, राल्फ वाल्डो इमर्सन, फ्रेडरिक ल ओमस्टेड, चार्ल्स डब्लू इलियट, हेनरी डेभिड थोरे र जर्ज पर्किन्स मार्श प्रमुख छन् । यीमध्ये धेरैले सरकारको अधिनमा भएको जङ्गली क्षेत्र आउने पुस्ताको लागि संरक्षित गर्नुपर्ने धारणा प्रस्ताव गरे पनि त्यस्ता प्रस्तावको चर्को विरोध

[1] मिलर (सन् १९९४)बाट उद्धृत ।

गर्ने वा वास्ता नगर्ने प्रचलन पनि उत्तिकै थियो । तर सन् १८७२ मा उत्तरपश्चिम योमिङ (Wyoming) को करिब ८ लाख हेक्टरको विशाल जङ्गली क्षेत्रलाई विश्वकै पहिलो राष्ट्रिय निकुञ्जको रूपमा यलोस्टोन राष्ट्रिय निकुञ्ज छुट्टियो । त्यहाँ शिकार तथा अन्य कामको लागि वन विनाश पूर्ण रूपले वर्जित गरियो । यहीँबाट अमेरिकाको वातावरणीय इतिहासमा संरक्षणवादी आयाम शुरु भयो ।

त्यसपछि त्यहाँको संसद (कङ्ग्रेस)ले वन संरक्षण ऐन बनाएर संरक्षित वन क्षेत्र पनि विकास गऱ्यो जसले सरकारी प्रयासमा पनि संरक्षणवादी अवधारणा विकास भएको जनाउँछ । सन् १८९२ मा जोन मूरले सियरा क्लबको गठन गरेर जनस्तरबाट निजी प्रयासमा पनि सार्वजनिक जमिन/वन/क्षेत्र जथाभावी विकास प्रयासको विरोधमा आवाज उठाउन थाले, जनताले आफ्ना निर्वाचित प्रतिनिधिमाथि संरक्षणवादी दबाब दिएर । त्यसपछि विकास भएका सरकारी संरक्षणवादी प्रयासले धनीमानी, यूरोपेली र शक्ति सम्पन्न समूहहरू–जो पहिलो सार्वजनिक जमिन र वन जङ्गलमा खुला र सकेजति पहुँच पाएका थिए–को प्रतिरोध सामना गर्नुपऱ्यो । २०औं शताब्दीको शुरुसम्म वन्यजन्तु ओसारपसार गर्न बन्देज लगाइसकिएको थियो । त्यसबेला (२० औं शताब्दीको शुरुमा) राष्ट्रपति थियोडोर रुजवेल्ट साहसी संरक्षणवादीका रूपमा देखिए र अमेरिकामा संरक्षणवादी अभियान व्यापक हुन थाल्यो । सन् १९०५ मा अमेरिकाको 'वन सेवा' स्थापना भयो वन क्षेत्रको संरक्षण र व्यवस्थापन गर्न । गिफोर्ड पिन्चोट त्यसका प्रमुख भए, जो वन सम्पदाको वैज्ञानिक व्यवस्थापनद्वारा दिगो उत्पादन लिनुपर्ने अवधारणाका प्रवर्तक थिए । त्यसपछि पिन्चोटले नेतृत्व गरेको 'प्राकृतिक स्रोतको बुद्धिमत्तापूर्ण उपयोग' (wise use) र जोन मुरको 'संरक्षणवाद' (preservationism) को विवाद र बहस राम्रैसँग चल्यो । पिन्चोटको विचारको समर्थक राष्ट्रपति रुजवेल्ट देखिए भने जोन मुरका समर्थक अल्डोले लेओपल्ड र अन्य विद्वानहरू देखिए जो पछि वाइल्डरनेस सोसाइटी, फ्रेन्ड्स अफ द अर्थ जस्ता संस्थाहरूका संस्थापक भए । दुवै विचारमा प्रकृतिको संरक्षण गरिनुपर्ने धारणा भएपनि केका लागि संरक्षण भन्ने र उपयोगको सन्दर्भमा विवाद थियो ।

पिन्चोटको तर्क थियोः वन क्षेत्र सुन्दर भएकोले वा वन्य जीवजन्तुलाई वासस्थान प्रदान गर्ने भएकोले संरक्षण गरिने होइन कि वन क्षेत्रले मानवलाई घर र रोजगारी प्रदान गर्छ तथा विकासको लागि उपयोग गर्न सकिन्छ भन्ने धारणाको आधारमा संरक्षण गरिनुपर्छ । स्रोतहरूको उपयोग बहुसङ्ख्यकको हितको लागि ठूलो मात्रामा र लामो समयसम्म गर्न सकिने हिसाबले हुनुपर्छ । उनी स्रोतहरूको संरक्षण भावी पुस्ताको लागि गर्ने भन्ने धारणालाई पूर्णतः अस्वीकार गर्थे । उनका अनुसार, संरक्षणको पहिलो मान्यता पृथ्वीमा भएका प्राकृतिक स्रोतको विकास र उपयोग अहिलेका बासिन्दाको लागि हुनुपर्छ । प्राकृतिक स्रोतलाई उपयोग नगरेर खेर फाल्नु भनेको स्रोतको विनाश गर्नु जस्तै हो । स्रोत संरक्षण र उपयोगको बहसमा पिन्चोटको यो अवधारणा पनि चर्चित छ । यसको छाप संसारभरिका वन संरक्षण/व्यवस्थापनका प्रयास/तरिकाहरूमा परेको छ ।

माथिको अवधारणाको विपरीत जोन मुरको नैतिक/सौन्दर्यमूलक प्रकृति संरक्षण (moral and aesthetic nature preservation) को अवधारणा प्रसिद्ध छ । उनका अनुसार, प्रकृतिको संरक्षण हाम्रो लागि हुने उपयोगको आधारमा नभएर प्रकृतिको आफ्नै अस्तित्व भएकोले हुनुपर्छ । उनका दर्शनका बलिया आधार थिए- नैतिक, सौन्दर्यमूलक र आध्यात्मिक मूल्यहरू (moral, aesthetic and spiritual values) । पृथ्वी मानव समुदायको लागि मात्र होइन, प्रकृतिका हरेक जीवजन्तु/वनस्पतिको आफ्नै अस्तित्व र अधिकार छ, सृष्टिको सानो अंश मान्छेले आफ्नो स्वार्थको लागि विशाल सृष्टिलाई नापजोख गर्न पाउँदैन भन्ने मुरको मान्यता थियो । उनकै अगुवाइमा सन् १९१६ मा स्थापित सियरा नेभाडा पर्वतीय क्षेत्र (क्यालिफोर्निया) को योसेमाइट र किङ्गस क्यानोन राष्ट्रिय निकुञ्ज (Yosemite and King's Canyon National Park) लाई प्राकृतिक रूपमा संरक्षण गरिएको छ ।

**आधुनिक वातावरणवाद (Modern Environmentalism)**

दोस्रो विश्वयुद्धपछि तीव्र भएको औद्योगिक विकासले वातावरण तथा प्राकृतिक स्रोतलाई नराम्ररी प्रभावित गर्न थाल्यो । ठूला ठूला शहरका उद्योग, कल-कारखाना र सवारी साधनको कारणबाट वायु प्रदूषण र धुइरो (smog) को समस्या, उद्योगबाट निस्कने फोहरले सिर्जना गर्ने जल प्रदूषण र विषाक्त/हानिकारक फोहरको समस्या, कृषि विकासको क्रममा विषादी तथा अन्य रसायनहरूको समस्या, आदि विकसित समाजका प्रमुख वातावरणीय समस्या बन्न पुगे । सन् १९६२ मा अमेरिकी जीव वैज्ञानिक राचेल कार्सनले लेखेको पुस्तक *साइलेन्ट स्प्रिङ्*ले हानिकारक रसायन र प्रदूषणको मानव तथा प्रकृतिमा पर्ने असरलाई जनचासो र सार्वजनिक बहसको विषय बनायो, जसले त्यसपछिका वातावरणको नीतिगत विकासमा पनि उल्लेखनीय प्रभाव पार्‍यो । सन् १९७० को अप्रिल २२ मा पहिलो पृथ्वी दिवस मनाउन अमेरिकामा करिब २ करोड मानिस सडकमा निस्केर वातावरणीय स्वच्छताको माग गरे । त्यसले गर्दा वातावरणीय क्षेत्रका सरकारी नीतिहरूलाई राम्रै असर गर्‍यो । सन् १९७० मा वातावरण संरक्षण निकाय (EPA) गठन भयो र डीडीटीलगायतका विषादीमा प्रतिबन्ध लाग्यो । सन् १९७२ मा स्वीडेनको स्टकहोममा आयोजित संयुक्त राष्ट्र सङ्घीय मानव वातावरण सम्मेलनले वातावरणीय समस्या समाधानमा अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता स्वीकार गर्‍यो । आधुनिक वातावरणवादकै विकासको फलस्वरूप ठूला सक्रिय वातावरणवादी गैरसरकारी संस्थाहरू (Friends of the Earth, Greenpeace, etc.) स्थापना भए । वातावरण संरक्षणका नयाँ तरिकाहरू विकास भए, जस्तैः सार्वजनिक मुद्दा तथा बहसको परम्परा, नीतिगत विकासमा प्रभाव पार्न प्रदर्शन, पुस्तक/प्रतिवेदन/अन्य प्रकाशन, सार्वजनिक अभियान बढाउन सार्वजनिक मिडियाको उपयोग, नीति निर्माताहरूलाई दबाब दिने काम र शैक्षिक पाठ्यक्रम र विशेषज्ञको उत्पादन, आदि ।

## वातावरणीय न्यायको अभियान[२]

भर्खरै मात्र बुझ्न थालिएको वातावरणीय न्यायको अवधारणा अमेरिकाका विभिन्न सामुदायिक समूहहरूको गतिविधिबाट विकास भएको हो। ती समूहहरूले रैथाने वा आदिवासी तथा काला जातिको बाहुल्य भएको बस्तीमा प्रदूषित उद्योग र फोहर राख्ने कार्यको विरोध गरेका थिए। यो विरोध अभियानमा वातावरणीय समस्यालाई नागरिक अधिकार तथा सामाजिक न्यायको दृष्टिकोणबाट हेरिनु पर्ने आग्रह थियो। यो अभियान अघि बढाउन प्राज्ञिक क्षेत्रबाट भएका अध्ययन, अनुसन्धान तथा बहसले राम्रै सघाउ पुऱ्याएका थिए।

वातावरणीय न्यायको अवधारणा संयुक्त राज्य अमेरिकाको राजनीतिमा सर्वप्रथम सन् १९८० को दशकको शुरुशुरुमा आएको हो। त्यसबेला नर्थ क्यारोलिनाको वारेन काउण्टीका काला तथा गरिब समुदायका नागरिक अधिकारवादी कार्यकर्ताले प्रस्तावित ल्याण्डफिल साइटको विरोध गर्दै थिए। त्यसपछि १५ वर्षभन्दा बढी अवधिसम्म चलेको बहस, अध्ययन, अनुसन्धान तथा वादविवादले वातावरणीय न्यायको अवधारणा अमेरिकाभित्र मात्र नभई संसारभरि नै फैलियो।

सन् १९८० पछि भएका शृङ्खलाबद्ध अध्ययन, अनुसन्धानमा वातावरणीय जोखिमहरूसँग विशेष जातजाति, रङ्ग, वर्ण वा वर्गको सामाजिक संरचना सीधा सम्बन्धित छ भन्ने देखिएको थियो। सन् १९८७ मा युनाइटेड चर्च अफ क्राइष्टको वातावरणीय न्यायको अभियानको लागि पहिलो महत्वपूर्ण निष्कर्ष सार्वजनिक गरेको थियो- प्रत्येक पाँच काला र हिस्पेनिक समुदायका अमेरिकी जनतामा तीनजना अव्यवस्थित घातक फोहरको क्षेत्रमा बसोबास गर्छन् र रङ्ग (race) नै घातक फोहरको जोखिमको एउटा सूचक हो। पाँच वर्षपछिको अर्को एक अध्ययन (United Law Journal) ले बासिन्दाहरूको रङ्ग (race) नै हानिकारक फोहर थुप्राउने क्षेत्र निर्धारणको एक मुख्य मापदण्ड रहेको देखाएको थियो। यो स्थितिलाई वातावरणीय रङ्गभेद (environmental racism) भनियो जुन वातावरणीय अन्यायको एक महत्वपूर्ण उदाहरण हो।

सन् १९९४ मा यो अवधारणा अमेरिकी राष्ट्रपति समक्ष पुगेको थियो जसको फलस्वरूप तत्कालीन राष्ट्रपति क्लिन्टनले कार्यकारी आदेश नं १२८९८ जारी गरे। यो आदेशले अल्पसङ्ख्यक र निम्न आय भएका समुदायमा हुनसक्ने वातावरणीय अन्यायलाई महत्व दिएको थियो।

सन् १९८० को दशकमा 'वातावरणीय न्याय' अमेरिकाका प्रचलित वातावरणवाद भन्दा फरक किसिमले आएको थियो। यो आन्दोलन अमेरिकामा चर्चित उपयोगकेन्द्रित (utilitarian) र प्रकृतिकेन्द्रित (ecocentric) स्रोत संरक्षणका दुई अलग अवधारणा भन्दा फरक हिसाबले आएको हो। यी दुई अलग धारमध्ये गिफोर्ड पिन्चोटको प्राकृतिक स्रोतको सक्दो उपयोग गरिनुपर्छ र मानव उपयोगिताको आधारमा मात्रै

[२] मार्टिनेज-अलिएर (सन् २०००)बाट उद्धृत।

अन्य जीवजन्तु तथा प्राकृतिक स्रोतको संरक्षण महत्वपूर्ण हुन्छ भन्ने उपयोगितावादी व्यवहारिक अवधारणा (utilitarian pragmatic approach) एउटा हो भने, जोन मुर तथा अल्डो लेओपल्डको प्रकृतिका सम्पूर्ण जीवनको संरक्षण मानव उपयोगिताको आधारमा नभई पर्यावरणमा मानव जत्तिकै महत्व राख्ने तथा बाँच्नलाई उत्तिकै अधिकार भएका आधारमा गरिनुपर्छ भन्ने जीवकेन्द्रित (biocentric) अवधारणा अर्को हो । यी अवधारणाको चर्चा माथि गरिएको छ । वातावरणीय न्याय यी दुवैमध्ये कुनैको पनि विस्तारित रूप होइन । बरु यसलाई अमेरिकाको नागरिक अधिकारको आन्दोलन (civil rights movement) को उपज भने मान्न सकिन्छ । सन् १९८२ को नर्थ क्यारोलिना राज्यको वारेन काउण्टीमा भएको पहिलो वातावरणीय न्यायको प्रदर्शनमा सरिक भएर गिरफ्तार हुने ५०० व्यक्तिहरूमध्ये मार्टिन लुथर किङ्ग पनि थिए । यो प्रदर्शन करिव १६,००० बासिन्दा भएको–जसमध्ये ६० प्रतिशत काला जातिका अफ्रिकन अमेरिकन थिए–सो काउण्टीका गभर्नर हम्पको सन् १९८० को प्रदूषक पदार्थ (PCB Residue) थुपार्ने स्थल बनाउने निर्णयको विरोधमा थियो । यो सङ्घर्ष एउटा अहिंसात्मक आन्दोलन भयो जसले छिटै नै देशव्यापी समर्थन पायो र अमेरिकाको प्रसिद्ध वातावरणीय न्यायको आन्दोलनको शुरुआत भयो ।

## नाइजेरिया

### तेल खानीविरुद्ध आन्दोलन र केन सारो विवा[३]

अफ्रिकी देश नाइजेरियाको पेट्रोलियम तेलको खानीबाट फाइदा लिन शेल (Shell) नामको विशाल बहुराष्ट्रिय निगम लागिपरेको छ । तर उक्त निगमका गतिविधिबाट त्यहाँका आदिवासी जनताको स्वच्छ वातावरणको अधिकार र दिगो जीविकोपार्जनमा सङ्कट आएको छ । देशभरि बिच्छ्याइएका थोत्रा खिया लागेका पाइपबाट तेल चुहिएको छ । पाइपहरू विष्फोट हुने खतरा उत्तिकै छ । स्थानीय जलस्रोत, माटो तथा रूख-बिरुवामा प्रदूषणको कडा असर पुगेको छ । आदिवासी जनताको स्वास्थ्य र जीउज्यानको खतराको साथै परम्परागत खेतीपाती, माछा मार्ने लगायतका पेशामा समेत अवरोध उत्पन्न हुँदा जीविकोपार्जन पूर्ण रूपमा सङ्कटग्रस्त भएको छ । फाइदा लिने बहुराष्ट्रिय निगम र त्यसबाट पोषित केही सीमित सङ्ख्याका शक्तिशाली सैनिक अधिकृत र शासकहरूले चुहावट रोक्ने वा पोखिएको तेल सफा गर्ने काम पनि गरेका छैनन् । सन् १९९८ मा तेल पाइप विष्फोट हुँदा ४०० जनाको ज्यान गएको थियो । सन् २००१ मा ओग्डोवामा भएको तेल चुहावटबाट करिब १५०,००० जनताको खानेपानीको स्रोत प्रदूषित भएको थियो । यो अन्यायपूर्ण स्थिति कायम रहन सैनिक बलमा टिकेको अप्रजातान्त्रिक शासन व्यवस्थाले सहयोग पुऱ्याएको थियो । शासकहरूले सन् १९९५ मा केन सारो विवालगायत आठ जना आदिवासी ओगोनी समुदायका

[३] कन्निन्गाम र साइगो (सन् १९९९)बाट उद्धृत ।

तेल खानीविरुद्ध सक्रिय कार्यकर्ताहरूको हत्या गरेका थिए। बहुराष्ट्रिय निगम शेलले तेल खानीविरुद्ध चर्किएको आन्दोलन दबाउन गरिएको सैनिक परिचालनमा समेत आर्थिक सहयोग दिएको थियो।

हुनत तेल नाइजेरियाको ८० प्रतिशत राष्ट्रिय आम्दानीको स्रोत हो। तर भ्रष्टाचार र कुशासनको कारणले विश्वको एउटा घना जनसङ्ख्या भएको तेल उत्पादक राष्ट्र अति गरिब मुलुकमध्येको एक बन्न पुगेको छ; गृहयुद्धको सङ्घारमा छ। अझैसम्म पनि तेल बेचेको फाइदा सीधै शासक वर्गमा मात्रै केन्द्रित छ भने सर्वसाधारणको भागमा छ त केवल पानी तथा खेतीयोग्य जमिनको प्रदूषण तथा हत्या र गिरफ्तारी अनि वातावरणीय अन्याय।

केन सारो विवाले ओगोनी समुदायका जनतालाई तेल निकाल्ने प्रकृयाबाट आफ्नो गृह क्षेत्रको विनाशको विरुद्धमा परिचालन गरेका थिए। ओगोनी जनताहरू नाइजर नदी क्षेत्रमा बसोबास गर्छन्। सोही क्षेत्रमा आङ्लो-डच बहुराष्ट्रिय कम्पनी शेलले तेल कुवाहरू सञ्चालन गरेको छ। सन् १९५८ देखि शुरु भएको उक्त कम्पनीले सन् १९९३ सम्म करिब ९० करोड ब्यारेल तेल निकालिसकेको थियो। यसबाट त्यहाँको सैनिक सरकार पनि अति लाभान्वित भएको थियो- १५ अरब अमेरिकी डलरभन्दा बढी रकम राजस्वबापत पाएर। तर प्राप्त राजस्वको जम्मा १.५ प्रतिशत मात्र स्थानीय स्तरमा खर्च गरिएको हुँदा ओगोनी जनताहरूले लाभ प्राप्त गर्न सकेनन्। अर्कोतिर उनीहरू रोजगारी, स्कूल, अस्पतालको अभाव तथा असुरक्षित जीविकोपार्जनबाट पीडित भए। ३५ वर्षको विनाशले त्यो ठाउँलाई अति प्रदूषित क्षेत्रको रूपमा वनस्पति/वन्यजन्तुविहीन वातावरण, प्रदूषित नदीनाला तथा जमिन अर्थात् पर्यावरणीय प्रकोपयुक्त क्षेत्र बनाएको थियो। यसकै प्रतिरोधमा केन सारो विवा तथा उनका सहयोगीहरूले अभियान (Movement for Survival of the Ogoni People - MOSOP) शुरु गरे। सो अभियानले ४ जनवरी १९९३ का दिन करिब तीन लाख जनतालाई हातमा बिरुवाको हाँगा (वातावरणीय चिह्नको रूपमा) लिएर सडकमा उतारेको थियो। त्यसपछि केन सारो विवालाई लामो कारावासमा राखेर प्रमाणित नभएको एउटा आरोप–सरकार समर्थित ४ ओगोनी प्रमुखको हत्या गराएको–मा मृत्युदण्ड दिइयो।

## भारत

### चिपको आन्दोलन: वनको व्यापारिक प्रयोग र जीविकोपार्जन प्रयोगबारे द्वन्द्व[४]

पहाडी क्षेत्रमा वनको प्रयोग खासगरी जीविकोपार्जन संरक्षणमा केन्द्रित हुन्छ। तर सरकारी नीति तथा व्यापारिक स्वार्थमा वनलाई व्यापारिक उद्देश्यले हेरिएकोले

[४] कृष्णा (सन् १९९६)बाट उद्धृत।

वनमा आश्रित ग्रामीण समुदायको जीविकोपार्जनमा आघात पुग्यो । यसको विरोध गरी वनको संरक्षण स्थानीय बासिन्दाको जीविकोपार्जनमा केन्द्रित हुनुपर्छ भन्ने सिद्धान्तमा आधारित आन्दोलन हो बहुचर्चित 'चिपको आन्दोलन' ।

भारतको कुमाउ-गढवाल क्षेत्रको चमोली जिल्लामा यो आन्दोलन शुरु भएको थियो । यस क्षेत्रमा पनि ब्रिटिश उपनिवेशले गर्दा सामाजिक स्थिति परिवर्तन भएको थियो । ब्रिटिश प्रशासनले यस क्षेत्रको परम्परागत स्वशासन/स्वायत्त शासनको जग भत्काएर केन्द्रको नियन्त्रण बढाएको थियो । साझा सम्पत्तिको रूपमा रहेका त्यहाँको वन र चरनलाई क्रमशः राज्यको नियन्त्रणमा राखियो । यसको मुख्य कारण थियो- राज्यले स्वामित्व व्यक्तिगत रूपमा मात्र हुन्छ भन्ने मान्यता राखेको थियो । त्यस पहाडी क्षेत्रको आर्थिक स्थिति बिग्रँदै गएको थियो । नेपालको पहाडी क्षेत्र जस्तै यो पनि एउटा 'पैसा-प्रेषित अर्थतन्त्र' (money order economy) को रूपमा चिनिन थालेको थियो । यहाँबाट मानिसहरू काम खोज्दै भारतका अन्य शहरमा जाने र त्यहाँबाट पठाएको पैसाले जीविका चलाउन बाध्य भएका थिए । सन् १९६२ को चीनसँगको युद्धका कारण यस क्षेत्रमा रणनीतिक उद्देश्यले अन्धाधुन्ध बाटोहरू बनाइयो । यसले गर्दा वन-जङ्गलको ह्रास र भू-क्षय बढ्यो । त्यस्तै गरेर तीर्थयात्री तथा पर्यटनको चापले गर्दा पनि वातावरण बिग्रन पुगेको थियो ।

वातावरण तथा जमिन बिग्रिएको कारण बलिया तथा तरुण पुरुषहरू रोजगारीको लागि बाहिर जाने क्रम बढ्न थाल्यो । गाउँमा बस्ने महिलाहरूका लागि भने वातावरण बिग्रने र वन-जङ्गल मासिनाले दाउरा/पात तथा अन्य आवश्यकता पुरा गर्न धेरै समय खर्च गर्नुपर्ने बाध्यता बढ्यो । दाउरा, घाँस त दुर्लभ वस्तु जस्तै हुन पुगे । भू-क्षयको प्रकोप बढ्न थाल्यो । सन् १९७० को ठूलो पहिरोले धन-जन, बस्तुभाउ, बाटो, पुल आदिको क्षति भयो, जसले गर्दा त्यहाँको जीवन अत्यन्तै कष्टदायी हुन पुग्यो ।

सन् १९७३ मा एउटा सानो 'साझा संस्था'लाई १० वटा लाँकुरे रूख (ash tree) हलोमा 'जुवा' बनाउन वन कार्यालयले दिएन । यो रूखको काठ हलुका हुने भएकोले जुवाको लागि राम्रो मानिन्छ । तर त्यति नै बेला वन कार्यालयले यस्ता रूखहरू एउटा व्यापारिक कम्पनीलाई क्रिकेट ब्याट र अन्य खेलकुदका सामग्री बनाउन दियो । स्थानीय बासिन्दाहरू रिसाएर यी रूख जलाइदिने विचार गरे । तर पछि यस्तो रिस नगरी आफ्नो स्रोतलाई बचाउनु पर्ने निधो भयो, र त्यस अनुसार रूखलाई अँगालो हाल्ने र कम्पनीका मान्छेलाई रूख काट्न नदिने भए । कम्पनीले आफ्नो काठ काट्ने मानिसहरूलाई फिर्ता बोलायो । त्यहाँको स्थानीय भाषामा यस्तो अँगालो हाल्ने कामलाई 'अवाल्था' भनिन्थ्यो, पछि हिन्दीकरण भएर यसलाई 'चिपको' भनियो । पछि यो आन्दोलनलाई गान्धीवादको सिद्धान्त 'सर्वोदय'अनुसार अगाडि बढाइयो ।

चिपको आन्दोलनको शुरुआतको सन्दर्भलाई हेर्दा के देखिन्छ भने यो आन्दोलनले रूख काट्न छेके पनि, यसको मुख्य उद्देश्य रूख नकाट्नु भन्दा पनि बढी 'आर्थिक

अन्याय'को विरोधलाई जनाउँछ । उनीहरू आफ्नो स्रोतमाथिको नियन्त्रण बढाउन चाहन्थे । किनभने उनीहरू पहाडी वनमा आश्रित समुदाय भएकोले त्यो नियन्त्रण खोसिँदा आफ्नो जीविकोपार्जन सङ्कटमा पर्ने देखेका थिए । सन् १९७३ मै चिपको आन्दोलनले ६ बुँदाको बडापत्र जारी गऱ्यो, जुन सर्वोदय लगायत अन्य समूहले पनि अनुसरण गरे । ती बुँदाहरू निम्न थिए:

- काठ/जङ्गली पैदावार बेच्न ठेकेदारी/लिलामी बन्द गर्ने र वन श्रमिकको साझा संस्था (cooperative) खोल्ने ।
- वनको व्यवस्थापनमा जनसहभागिता बढाउन ग्राम सभा, क्षेत्र समिति, भेला सभा र वन पञ्चायतमार्फत संस्थागत गर्ने ।
- रोजगारी सृजना गर्न स्थानीय, स-साना वनमा आधारित उद्योगहरू खोल्ने ।
- नयाँ वन र बसोबास मिलाउने ताकि मानिसहरूको दाउरा/काठ तथा अन्य पैदावारमा पहुँच होस् ।
- गाउँको वृक्षरोपण कार्यक्रममा सहभागी हुने ।
- पानीको स्रोत संरक्षण र भू-क्षय बचाउनु पर्ने क्षेत्रमा हरियो रूख काट्न नपाइने ।

माथिको बुँदाहरूबाट पनि थाहा हुन्छ कि चिपको आन्दोलन रूख नकाट्ने सिद्धान्तमा आधारित थिएन; जङ्गलको संरक्षण गरी स्थानीय अर्थतन्त्र र जीविकोपार्जनलाई सघाउ पुऱ्याउनु थियो । माथिका उद्देश्यहरू धेरै पूरा हुन सकेनन् तर जनसहभागिता र महिलाको पहुँचमा सुधार देखियो ।

सन् १९८६ मा चिपको आन्दोलनको उद्देश्यहरूमा केही परिवर्तन भयो र यसको नेतृत्व सर्वोदयका नेता चन्डीप्रसाद भट्टले लिए । पछि यी उद्देश्यहरू भारतभरको वातावरणीय आन्दोलनले पनि लिएका थिए । यो (जीविकोपार्जनका आवश्यकता पूर्तिको लागि शुरु गरेको आन्दोलन) पछि गएर बढी वातावरणवादतर्फ मोडिन पुग्यो ।

जब चिपको आन्दोलनको प्रभाव बढ्न थाल्यो, तब सरकारी रवैयामा पनि परिवर्तन आउन थाल्यो । सरकारले चिपकोका नेताहरूलाई आफ्नो पक्षमा समाहित गर्न कोसिस गर्न थाल्यो । चिपकोको नेतृत्व सुन्दरलाल बहुगुणाको हातमा पुग्यो । चिपको पुनः बढी वातावरणवादी आन्दोलनमा परिणत हुन पुग्यो जसले गर्दा पहाडी क्षेत्रका बासिन्दालाई झन् अप्ठ्यारो पार्न थाल्यो । यसबाट ग्रामीण समुदायको जीविकोपार्जनमा झन् सङ्कट थपियो । जब ग्रामीण बासिन्दाले यसको विरोध गर्न थाले, सरकारी पक्षलाई तर्क दिन सजिलो भयो- "यो तिमीहरूले नै चाहेको हो ।" यस्तै नीतिगत व्यवस्थालाई आधार मानेर ग्रामीण क्षेत्रमा बाटो-घाटो, पुल आदिको व्यवस्था नगर्न सरकारलाई सजिलो भयो। यस्तो अवस्थामा ग्रामीण/पीडित व्यक्तिहरूले नै सरकारलाई रूख काट्न र विकासको पूर्वाधार तयार पार्न अनुरोध गर्नुपऱ्यो । 'जीविकोपार्जन' बाट टाढा गएर

'संरक्षण'लाई नै केन्द्रविन्दु बनाउँदा ग्रामीण बासिन्दालाई झन् अप्ठ्यारो स्थितिमा पुऱ्याउँछ भन्ने यसले देखाउँछ ।

### झारखण्ड आन्दोलनः वन, वनप्रजाति, जमिन, खनिज स्रोतमाथि नियन्त्रणविरुद्धको आन्दोलन[५]

विहारको दक्षिणी क्षेत्रको झारखण्ड आन्दोलन सन् १९७०, ८० र ९० को दशकमा ठूलो सामाजिक आर्थिक सांस्कृतिक राजनीतिक आन्दोलनको रूपमा देखा परेको थियो जसले गर्दा अहिले भारतमा उत्तराञ्चल जस्तै झारखण्ड नयाँ राज्यको रूपमा स्थापना भएको छ। वास्तवमा यो आन्दोलनको उद्देश्य पनि आफ्नो स्थानीय स्रोतमाथिको अधिकार स्थापना गरी यसको संरक्षण र सदुपयोगबाट आधारभूत आवश्यकता पूरा गर्नु नै थियो । यसकारण यसलाई वातावरणीय आन्दोलनको रूपमा हेरिन्छ ।

झारखण्ड आन्दोलनको शुरुआत त्यहाँको वन र खेतीयोग्य जमिनको ह्राससँग जोडिएको छ । सन् १९७८-८१ मा त्यहाँका आदिवासीको रिस 'विहार राज्य वन संस्थान'सँग पोखिएको थियो किनभने सो संस्थानले आदिवासीहरूको क्षेत्र सिँगवम जिल्लामा त्यहाँका रैथाने सालको जङ्गल फडानी गरेर व्यापारिक दृष्टिले फाइदा हुने 'टिक' (teak) रूख रोप्न थाल्यो । आदिवासीले भने 'टिक'का बेर्नाहरू जलाइदिए । त्यसबेला उनीहरूको नारा थियो- 'झारखण्डका लागि साल, विहारका लागि टिक' । आदिवासीहरूलाई सालको महत्व र यसबाट पर्यावरणमा हुने फाइदा-बारे धेरै ज्ञान र चासो थियो । तर बाहिरबाट हेर्दा यो आन्दोलन शुद्ध राजनीतिक आन्दोलनको रूपमा देखिन्थ्यो । झारखण्डमा जमिनको स्थिति अझै पनि राम्रो छैन । जङ्गल लगभग नष्ट भएकोले भू-क्षयको प्रकोप एकदमै बढी छ। खोलाहरू मनसुनमा बाढी आउने र जाडोमा सुख्खा हुने खालका छन् । सिँचाइ र खानेपानीको दुःख छ ।

ब्रिटिश उपनिवेशकालमा झारखण्डको धेरैजसो वन 'सरकारी वन'को रूपमा राखियो किनभने आदिवासीहरूसँग वनको स्वामित्व देखाउने कानूनी कागज-पत्र थिएनन् । त्यहाँ उनीहरूको पुर्खाहरूको चिहान त थियो तर त्यसलाई आधार मानेर वनमाथि उनीहरूको स्वामित्व दिइएन । छोटा-नागपुरमा प्रशस्त खनिज तत्व भएकोले उद्योगपतिहरूले जमिन्दारी र आदिवासी जङ्गलको स्वामित्व लिन सफल भए । टाटा फलाम तथा स्टिल कम्पनी (जमसेदपुर) र इण्डियन फलाम तथा स्टिल कम्पनी (पश्चिम बङ्गाल)ले आवश्यक पर्ने खनिज पदार्थ यहीँबाट प्राप्त गर्दथे । कोइला खानीहरू राष्ट्रियकरण भए पनि र सरकारी स्तरमा फलाम तथा स्टिल कम्पनी खुले पनि खनिज पाइने क्षेत्र र त्यहाँ बसोबास गर्ने जनसमूह गरिब नै रहिरहे । कतैकतै स-साना शहरी क्षेत्र विकास भए, जहाँ विकास र सुरक्षा केन्द्रित भयो ।

[५] कृष्णा (सन् १९९६)बाट उद्धृत ।

सरकारी र निजी क्षेत्रले आदिवासीहरूलाई जग्गाबापत केही रकम दिए पनि र बसोबास व्यवस्था गरे पनि उनीहरूले खेतीयोग्य जमिन पाएनन् । त्यसैले उनीहरू श्रमिकको रूपमा कामको खोजीमा लागे । शुरुशुरुमा आदिवासीहरू यस्तो श्रममूलक कामलाई नराम्रो मान्थे र त्यस्तो काम गर्नु आफ्नो इज्जतमा आघात लाग्नु हो भन्ठान्थे । उनीहरूले कम्पनीले दिएको जागिर पनि खाएनन् । तर पछि गरिबी र विवशताले गर्दा उनीहरू कम्पनीको ढोका कुर्न थाले- जागिरको लागि । सन् १९८० को शुरुमा उनीहरूले प्रगतिशील राजनीतिक समूहहरूको सहयोगमा भारतको सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए र त्यसमा अदालतले आदिवासीको कल्याणकारी कार्यमा तीव्रता ल्याउनुपर्ने निर्णय पनि दिएको थियो ।

छोटा-नागपुरका आदिवासीको राजनीतिक सक्रियता बढ्न थाल्यो र उनीहरूले राजनीतिक संस्था बनाउन थाले । यसको लागि 'क्रिश्चियन मिसनरी'ले शिक्षा क्षेत्रमा गरेको कामले पनि सहयोग पुऱ्याएको थियो । पछि मिसनरीले आन्दोलनमै पनि सहयोग गरेको थियो ।

सन् १९७० देखि भारतमा वन-क्षेत्र घट्ने र काठजन्य उत्पादनको चाप बढ्ने क्रम शुरु भयो । सरकारी वन कार्यालयहरूले ठूलो स्तरमा एउटै प्रजाति भएको (mono-culture) वनको विकास गर्न थाले । झारखण्डको सालको जङ्गल काटेर टिक लगाउँदा करिब आधा समयमै राम्रो काठ प्राप्त गर्न सकिने भएकोले (टिकलाई परिपक्व हुन ६० वर्ष लाग्छ भने साललाई १२० वर्ष लाग्छ) राज्य सरकारले त्यस्तो निर्णय लियो । तर आदिवासीलाई सालको बीउ र पात अति आवश्यक हुन्थ्यो । सरकारले रोपेको टिकको रूखले आफ्नो आवश्यकता पूर्ति हुने नदेखेपछि आदिवासीहरू टिकका बिरुवा उखेल्ने, जलाउने, आदि कार्य गर्न थाले । यही क्रममा धेरै पटक प्रहरी बल र आदिवासीबीच झडप पनि भयो । केही आदिवासीहरूको यसक्रममा मृत्यु भयो । उनीहरूका नेताहरू पनि थुनिए ।

सन् १९८० मा झारखण्ड आन्दोलनका नेताहरूलाई काङ्ग्रेस (आई)ले आफूमा समाहित त गऱ्यो तर जनसमुदायमा भने टिकको वनको तितो अनुभव छँदै थियो । उनीहरूले टिकको वन, नर्सरी, बेर्ना आदि जलाउँदै गए तथा खनिज र काठ कम्पनीका मालिकहरूको आवागमनलाई बन्देज लगाउन थाले । पुलिसको कारवाहीबाट आदिवासी मर्ने सङ्ख्या बढ्न थाल्यो । पुलिस र राज्यको तर्फबाट आदिवासीविरुद्ध आतङ्क बढ्न थाल्यो । यद्यपि राज्यको अदालतले टिक लगाइएको जमिन आदिवासीको स्वामित्वमा थिएन भनेर प्रमाण दिन नसकेको भन्ने निर्णय दिएको थियो । अदालतले चिहानस्थललाई आदिवासीको स्वामित्वको आधार भनेर वन क्षेत्र आदिवासीको हुनुपर्ने निर्णय दियो । तर यस्तो निर्णयको कुनै सुनुवाइ भएन र आन्दोलन चर्कंदै गयो । पछि टिकको वृक्षरोपण र काठको व्यापारमा रोक लगाइयो तर आदिवासीहरू त्यतिमै खुशी भएनन् । उनीहरूलाई खुशी बनाउन कम्पनीहरूले स्कूल र हेल्थ पोष्टहरू खोल्न थाले । तर यी क्रियाकलाप नगण्य थिए र यसबाट आन्दोलनलाई कमजोर पार्न सकिएन । यस आन्दोलनले नयाँ सरकारी नीतिको शुरुआत गऱ्यो । यस नीतिअनुसार आदिवासी क्षेत्रको वनले उनीहरूको

चाहनालाई समेट्नु पर्छ । आन्दोलनकै परिणामस्वरूप बिहारको दक्षिणी क्षेत्र छुट्टै राज्य 'झारखण्ड'मा परिणत भएको छ ।

वातावरणवादीहरूले झारखण्ड आन्दोलनलाई अन्य आन्दोलन जस्तो महत्व दिएनन् । यो एउटा 'रूखको लडाइँ' भए पनि यसलाई राजनीतिक आन्दोलनको रूपमा हेरियो । योलगायत धेरै आदिवासी राजनीतिक आन्दोलनले मार्क्सवादी-लेनिनवादी कम्युनिज्मको सिद्धान्तप्रति आस्था/आधार देखाएकोले पनि यस्तो भएको हुन सक्दछ ।

## 'नर्मदा बचाओ' आन्दोलन[६]

भारतको एउटा विशाल जलविद्युत आयोजना, नर्मदा उपत्यका विकास आयोजना, विश्वकै ठूला जलविद्युत आयोजनामध्ये एक हो । यो आयोजनाबाट भारतको मध्यपश्चिम क्षेत्रका तीन राज्य गुजरात, महाराष्ट्र र मध्य प्रदेशका करिब १५ लाख मानिसहरू आफ्नो वासस्थानबाट विस्थापित हुने अनुमान गरिएको छ। आयोजनाअन्तर्गत बन्ने ३,००० भन्दा बढी साना-ठूला बाँधहरूले गर्ने वातावरणीय विनाशको मूल्य धेरै हुनेछ। आयोजनाले हजारौँ हेक्टर वनजङ्गल तथा खेतीपाती गरिने जमिन जलमग्न पार्नेछ । यसबाट बासिन्दाहरूमात्र पीडित नभएर त्यहाँको जैविक विविधता पनि नराम्ररी प्रभावित हुनेछ ।

नदीहरूमा ठूला बाँधहरू निर्माण कार्यको विरोधको इतिहास लामो छ। भारतको नर्मदा नदीको जस्तो ठूला बाँधका विवादहरू न्यायपूर्ण र समतामूलक समाजको लागि जनस्तरका सङ्घर्षको प्रतीकको रूपमा रहिआएका छन्। नर्मदा नदी र त्यसका सहायक नदीहरूमा पानीलाई उपयोग गर्ने नाममा ३० वटा ठूला, १३५ वटा मध्यम र ३,००० वटा साना बाँधहरू निर्माण गर्ने सरकारी योजना छ। यसका पक्षधरहरू (सरकारी नीति निर्माताहरू) यो योजनाबाटै विकासको लागि आवश्यक जल/सिँचाइ र जलविद्युत प्राप्त हुने दाबी गर्छन्। बाँधको विरोधमा लागेकाहरू 'नर्मदा उपत्यका विकास योजना'को आधारभूत मान्यतामै प्रश्न उठाउँछन्। उनीहरूको विश्वासमा यो योजना निर्माण नै अन्यायपूर्ण र असमानतापूर्ण छ; लाभ-लागतको विश्लेषण पनि बाँध निर्माणको पक्षमा गरिएको छ र विस्थापित हुने हजारौँ गरिब र प्राथमिकताबाहिर परेका समुदायको मानवअधिकार र निर्माण क्षेत्रको भौगर्भिक स्थिति (hydrology and seismicity) लाई महत्व नदिएरै योजना बनाइएको छ । नर्मदा क्षेत्र, गुजरात र अरू ठाउँमा अन्य वैकल्पिक तर न्यायपूर्ण र दिगो उपायद्वारा पनि पानी तथा उर्जा प्रदान गर्न सकिने दाबी विरोधीहरूको छ । नर्मदा क्षेत्रका बासिन्दाको न्याय र अधिकार प्राप्त गर्न र गरिब/अभावग्रस्त, पीडित जनताको दृष्टिकोणहरू विरोधको रूपमा उराल्न 'नर्मदा बचाओ आन्दोलन' शुरु गरिएको हो ।

[६] सिएरा क्लब (सन् २००२) र एनबीए (सन् २००३)बाट उद्धृत ।

हुन त नर्मदा क्षेत्रको मुद्दा जटिल छ । तर पनि असमता र अन्यायपूर्ण योजना कस्को मूल्यमा कस्को सुविधाका लागि भन्ने कुरा भने प्रष्ट छ । आदिवासी तथा दलितहरूको गरिब/प्राथमिकता नपाएको ठूलो जमाततलाई 'राष्ट्रिय हित'को लागि आफ्नो जीविकोपार्जनकै अधिकारबाट वञ्चित गरिएको छ । जुन अन्यायपूर्ण र अमान्य हो । पीडितको अधिकारलाई विकल्प दिने कुनै उपाय अपनाइएको छैन । आन्दोलनले आदिवासी/पीडितका लागि यस्ता ठूला बाँधहरूको औचित्य पुष्टि गर्ने चुनौती दिएको छ ।

नर्मदाको जस्तो ठूलो बाँधको मतलब देशको ठूलो रकम एउटा सानो समूहको स्वार्थका लागि खर्च गरिनु हो । प्राविधिक रूपमै पनि ठूला बाँधहरू पूर्ण सफल हुँदैनन् । ठूला बाँधबाट प्रस्तावितमध्ये केहीमात्र लाभ हासिल हुन्छ, तर त्यहाँको पर्यावरण र जीविकाको लागि नदीमा भर पर्ने ठूलो समुदायमा पार्ने नकारात्मक असर भने सोचेभन्दा बढी हुन्छ । भारत/नेपालकै उदाहरणमा विस्थापित समुदायले पाउने क्षतिपूर्ति र पुनर्स्थापना न्यायपूर्ण हुन सकेको छैन । आधुनिकता/विकासले गरिबलाई सम्पन्न बनाउँछ भन्ने तर्कलाई चुनौती दिँदै, आन्दोलनले स्रोतको असमान वितरण, सामाजिक/वातावरणीय विनाशको खतरालाई ध्यानमा राख्न माग गरेको छ । बाँधका पक्षपातीले भनेजस्तो कुच, सौराष्ट्र, उत्तरी गुजरातलगायत गुजरातका केही क्षेत्रमा पानीको अभाव रहेको तथ्यलाई नकार्न त सकिँदैन । तर, 'सरदार सरोवर' जस्तो परियोजनाले पानीको यो समस्यालाई कहिल्यै सुल्झाउन सक्दैन । अझ, महँगा योजनाको छायाँमा साना वैकल्पिक उपायहरू हराउन पुग्छन् । 'सरदार सरोवर' परि-योजनामा गुजरातको सिँचाइ बजेटको ८० प्रतिशत खर्च हुन्छ । तर यसले धान्ने क्षेत्र कुचको १.६ प्रतिशत, सौराष्ट्रको ९ प्रतिशत र उत्तरी गुजरातको २० प्रतिशत खेतीयोग्य जमिन मात्र हो । फेरि, यी क्षेत्र नहरको पुछार (अन्तिम)का क्षेत्र मात्र हुन्, जसले नहर जाने बाटोको क्षेत्रले बचाएको पानी मात्र पाउँछन्, त्यो पनि सन् २०२० पछि मात्र । तसर्थ, पानीको आवश्यकता रहेका यी क्षेत्रहरू सरदार सरोवर परियोजनाबाट कहिल्यै लाभान्वित हुन सक्दैनन् । नर्मदा योजनाविरुद्धको सङ्घर्ष, न्याय, समानता र प्रजातन्त्रको लागि अर्को एउटा आन्दोलन भनिएको छ ।

## *आन्दोलनका गतिविधिहरू*

बितेको दशकदेखि यस्ता बाँधहरूको निर्माण कार्यको विरोधमा उत्रेका गाउँले, सर्वसाधारण र एक्टिभिस्टहरूलाई दमन गरेर त्यहाँको प्रहरी प्रशासनले मानव अधिकार उल्लङ्घन गरेको समाचार विश्वमै चर्चित बन्न पुगेको थियो । कार्यकर्ताहरूलाई धरपकड गर्ने, थुन्ने, पिट्ने, शारीरिक यातनाको शिकार बनाउने कुराहरू मानव अधिकार हनन्का केही उदाहरण हुन् । आन्दोलनको नेतृत्व गर्ने मेधा पाटकर र सयौँ अरू गाउँलेहरू नर्मदा नदीमा पानी बढ्दा साना, फुसको छाना भएका घरभित्र उभिन्छन् । प्रत्येक वर्षयाममा सरकारले हजारौँ गाउँलेलाई उनीहरूको पुर्ख्यौली

जमिन डुबानमा परेकोले अर्को ठाउँमा पुनर्स्थापना गर्ने भन्दै आइरहेको छ। ती धेरै जसो गाउँलेहरू आयोजनाको विरोधस्वरूप ठाउँ खाली गराउने प्रकृयाविरुद्ध प्रतिरोध गरेका छन् ।

सन् १९८५ देखि नर्मदा बचाओ आन्दोलनमार्फत स्थानीयवासीहरू आयोजनाको विरोधमा उत्रिएका हुन् । आन्दोलनले नर्मदा उपत्यकाको विनाशको विरोध गर्न ठूलाठूला र्‍याली, शान्तिपूर्ण प्रदर्शन, जुलुस आदि आयोजना गर्दै आइरहेको छ। विरोधहरू अहिंसात्मक हुँदाहुँदै पनि आन्दोलनका कार्यकर्ताहरू थुनिने, कुटिने क्रम तीव्र छ । आन्दोलनका सङ्गठनकर्ताहरू मेधा पाटकरलगायत अन्य सदस्यहरूलाई डर देखाइने क्रम जारी नै छ। र्‍याली तथा प्रदर्शनकै क्रममा प्रशासनबाट आन्दोलनको कार्यालय तोडफोड गरिन्छ, सदस्यहरू थुनिन्छन्। मेधा पाटकर र ३५० कार्यकर्ताहरू वर्षायाममा गाउँहरूको डुबानविरुद्ध शान्तिपूर्वक विरोध प्रदर्शनमा लागेको बेला स्थानीय प्रहरी प्रशासनबाट थुन्ने तथा कुटपिट गर्ने काम भएको थियो । उनीहरूलाई अदालतबाट आदेश नआउन्जेल करिब १३ दिनसम्म थुनिएको थियो ।

यो परियोजनाको सबभन्दा ठूलो बाँध ४६० फिट अग्लो हुने भनिएको 'सरदार सरोवर' बाँध हो । यसको निर्माण कार्य पूरा भएमा २५० भन्दा बढी गाउँको ३७० किलोमिटर (१४२ वर्गमाइल) भन्दा बढी ऐतिहासिक महत्वका सम्पदाको साथै वन तथा कृषि क्षेत्र (भारतको सबभन्दा बढी उब्जाउ हुने भूमिमध्येको एक) डुबानमा पर्ने र पाँच लाखभन्दा बढी बासिन्दा विस्थापन हुने अनुमान छ । सरकारी निकायको दाबीअनुसार बाँधले ४ करोड जनतालाई पानी उपलब्ध गराउने छ, १८ लाख हेक्टरमा सिँचाइ सुविधा पुर्‍याउनेछ, र करिब १,४५० मेगावाट जलविद्युत उत्पादन हुनेछ । तर आन्दोलनकारीहरू यो दाबीलाई बढाइचढाइ गरिएको तथ्याङ्क भन्छन्। उनीहरूको तर्कअनुसार बाँधको भीमकाय आकारको कारणले देशको सबभन्दा नराम्रो वातावरणीय विनाश यहीँ आउनेछ। बाँध निर्माण पूरा भएपछि सयौँ वर्गमाइल वन क्षेत्र नष्ट हुनेछ। यसबाट बाघ, भालु, चितुवा, हरिणलगायत वन्यजन्तु र कैयौँ रूख/वनस्पति तथा जडीबुटी प्रजातिको बासस्थान नै विनाश हुनेछ। स्थानीय आदिवासीहरूले त्यही वनजङ्गलबाट नै आफ्नो जीवन निर्वाह गरिरहेका हुन्छन्; खाद्य पदार्थ, कन्दमूल आदि प्राप्त गरिरहेका हुन्छन् । तसर्थ आदिवासीको जीवनयापन नै कष्टप्रद हुनेछ ।

सरदार सरोवर बाँध आयोजनाको लागि शुरुमा विश्व ब्याङ्कले ४५ करोड डलर ऋण सहयोग दिने भएको थियो। तर पछि भारतीय तथा अन्तर्राष्ट्रिय वातावरणवादी समूह/संस्थाहरूको दबाबमा विश्व ब्याङ्कले आयोजनाको असरहरूबारे समीक्षा गर्न एउटा छुट्टै स्वतन्त्र कार्यदल/समूह गठन गर्नुपर्‍यो । उक्त स्वतन्त्र समीक्षा समूहले आयोजनाबाट पर्ने वातावरणीय तथा सामाजिक असरहरूलाई आवश्यक ध्यान नदिइएकाले विश्व ब्याङ्कले आयोजनामा लगानी गर्नबाट पछि हट्नुपर्ने सुझाव दियो । फलस्वरूप सन् १९९३ मा विश्व ब्याङ्कले सहयोग गर्ने आफ्नो निर्णय फिर्ता लिनुपर्‍यो ।

नर्मदा नदीको बाँधबाट हुने लगातार सिँचाइको कारणले (मौसमी सिँचाइभन्दा फरक) उब्जाउ खेतीयोग्य माटोको गुणस्तर घटाउने र लवणीकरण (saltinization) बढ्ने हुनाले कतिपय वनस्पतिको लागि घातक हुनसक्छ । अन्य समस्याहरूमा हजारौँ विस्थापित जनतालाई अर्को क्षेत्रमा पुनर्स्थापना गर्दा सो नयाँ ठाउँको पर्यावरणमा पनि गम्भीर असर पर्न सक्ने र त्यसले एउटा वातावरणीय द्विविधाको स्थिति पैदा गर्ने छ । बाँधमा माटो जम्मा भएर नदीमा माछा तथा अन्य जलचर पनि हराउन थाल्नेछन् । यसबाट खाद्यान्नको लागि ती माछाहरूमा आश्रित करिब १०,००० बासिन्दाहरू पनि सोझै प्रभावित हुनेछन् ।

आफ्नो गाउँ, बस्ती, जमिन, वनजङ्गल सम्पूर्ण डुबानमा पर्ने आतङ्कले नर्मदा उपत्यकाका बासिन्दाहरू सरदार सरोवर तथा अन्य बाँधहरूको निर्माणको विरोधमा सक्रिय भएका हुन् । भारतीय प्रहरी प्रशासन प्रायः त्यस्ता विरोधलाई हिंसा/कुटपिटको माध्यमबाट तह लगाउन लागिपरेको देखिन्छ । यो एउटा वातावरणीय अधिकार तथा मानवअधिकार हनन्को उल्लेखनीय उदाहरण भएको छ । सन् १९९२ मा बाँध निर्माण क्षेत्रको जग्गामा खेतीपाती गरिरहेका गाउँलेहरूमाथि वनपाले तथा प्रहरीहरूले अन्धाधुन्ध गोली बर्साएर कैयौँ गाउँलेको ज्यानसमेत लिएका थिए । सन् १९९८ मा, एमनेस्टी इन्टरनेशनलले समेत महत्व दिएको एउटा घटनामा, मध्यप्रदेशको महेश्वर आयोजना क्षेत्रमा बाँध निर्माण रोक्न शान्तिपूर्ण प्रदर्शन गरिरहेका आन्दोलनकारीलाई प्रहरी प्रशासनले अवैधानिक रूपमा सम्मेलन गरेको भनेर व्यापक धरपकड गरेको थियो । यो आन्दोलनको नेतृत्वमा भएका महिला वर्गहरू दमनको तारो भएका थिए । सन् १९९८ को अप्रिल २२ र २३ मा महिला प्रदर्शनकारीमाथि भएको शक्तिको प्रयोगबारे बुझ्न, राष्ट्रिय महिला आयोगको एउटा समूहले उक्त क्षेत्रको भ्रमण गरेको र शान्तिपूर्ण प्रदर्शनलाई तीव्र दमन गरेको भनी ठहर गरेको थियो । त्यसपछि, आयोगले राज्य सरकारलाई बाँध क्षेत्रमा प्रहरी परिचालन जनताको सुरक्षाको लागि हुनुपर्ने र जनताको विरोधमा निजी प्रहरीको रूपमा काम गर्न नपाइने भनी सुझाव दिएको थियो ।

## ब्राजिलका रबर टचापर्स (सङ्कलक)को आन्दोलन[७]

दक्षिण अमेरिकाको अमेजन क्षेत्रको उष्ण प्रदेशीय वर्षा-वन क्षेत्र (tropical rainforest) मा गरिने रबर सङ्कलन (rubber tapping) वनलाई कुनै हानि नपुग्ने तर स्थानीय बासिन्दाको जीवन धान्ने प्रमुख आधार हो । रबर सङ्कलकले रबरको रूखको हाँगा/काण्डमा सानो तेर्सो खोल्सो पार्छन् र खोल्सोबाट धारा लागेर निस्कने दूधिलो रस या खोटो (latex) जम्मा गर्छन् । सो रसमा करिब ३० प्रतिशत रबरको मात्रा हुन्छ जसलाई प्रशोधन गरेर रबर तयार गरिन्छ । रूखमा परेको खोल्सो पछि आफैँ

[७] गुहा (सन् २०००), अमेजनलिङ्क (मिति उल्लेख नभएको) र मिलर (सन् १९९४)बाट उद्धृत ।

पुरिन्छ र रूख जस्ताको तस्तै हुन्छ । यी रूखहरूबाट पटक पटक रबर सङ्कलन गर्न सकिन्छ ।

ब्राजिलको अमेजन क्षेत्रमा बस्ने ३००,००० भन्दा बढी आदिवासी/रैथाने रबर सङ्कलकहरू त्यहाँको वनबाट रबरको साथै जङ्गली फलफूल, तरकारी, हाडे फल (nuts), रेशायुक्त सामग्री (fibers), मसला (spices), जडीबुटी (herbs and medicines), तेल, आदि अन्य वनजन्य गैरकाष्ठ उत्पादन सङ्कलन गर्दछन् । उनीहरूको खेतीपाती एकदमै सानो घर नजिकैको जमिनमा हुन्छ । यसरी उनीहरूको जीवनशैली पूर्ण रूपमा वनमा आश्रित भए पनि प्रकृतिप्रेमी र दिगो छ । यद्यपि उनीहरूको वन क्षेत्र/जग्गा जमिन सरकारी स्वामित्वमै छ अर्थात् आदिवासीको कानूनी हक स्थापित छैन । उनीहरूको उत्पादन लिने प्रकृया वातावरणीय दृष्टिकोणबाट मात्र नभई आर्थिक हिसाबले पनि उचित छ भनेर अध्ययनहरूले देखाएका छन् । सन् १९८८ मा सार्वजनिक भएको एक अध्ययनअनुसार ५० वर्षमा सो क्षेत्रमा गैरकाष्ठ उत्पादनले दिने प्रतिहेक्टर राजस्व काष्ठयुक्त उत्पादनबाट पाउने राजस्वको दोब्बर तथा वनलाई सखाप पारेर बनाइने चरन क्षेत्रमा ठूलो मात्रामा गाईवस्तु पाल्ने पेशा (cattle ranching) को तेब्बर बढी हुन्छ ।

त्यसो त वन्य उत्पादनको निर्यात व्यापारबाट स्थानीय सङ्कलक तथा साना किसानहरूले पाउने लाभको हिस्सा न्यून नै हुन्छ । उदाहरणका लागि ब्राजिलबाट संयुक्त राज्य अमेरिकामा करिब २ करोड डलरको नट्स (nuts) निर्यात हुन्छ तर स्थानीय सङ्कलकले पाउने हिस्सा भने न्यूयोर्कको थोक मूल्यको केवल ३ प्रतिशत मात्र हुन्छ । फेरि स्थानीय आदिवासीले सङ्कलन गर्ने ल्याटेक्स, रबर, नट्स आदि ठूलो मात्रामा अर्को क्षेत्रबाट आपूर्ति हुने, बजार प्रतिस्पर्धामा अर्को क्षेत्रको उत्पादनसँग आदिवासीको सङ्कलन कमजोर हुने (अन्य क्षेत्रमा रबरको लागि गरिने एकात्मक वा मोनोकल्चर खेतीको न्यून लागत हुने वा अन्य सेन्थेटिक रबरको उत्पादन हुने भएकोले) र स्रोतको अत्यधिक सङ्कलन तथा माग आपूर्तिको एकाएक घटबढ भइरहने आदि प्रकृयाको कारणले पनि आदिवासी सङ्कलकले राम्रो फाइदा पाउन सकेका हुँदैनन् । तर उनीहरूको उत्पादन लिने प्रकृया परम्परागत र दिगो भने पक्कै हुन्छ ।

ब्राजिलको अमेजन क्षेत्रका रबर सङ्कलकको सङ्घर्ष प्राकृतिक स्रोतमाथि आदिवासी/रैथानेहरूको अधिकार प्राप्त गर्न तथा ठूलो मात्रामा व्यापारिक फाइदाको लागि गरिने वन विनाशको प्रतिरोधका लागि विश्वमै चर्चित छ । यो वातावरणीय न्यायको आन्दोलनको एउटा राम्रो उदाहरण हो जसले मानव अधिकार तथा वातावरणीय संरक्षण कसरी एकसाथ जान सक्छ भनी चित्रण गर्छ । सन् १९८५ अक्टुबरमा ब्रासिलियामा सम्पन्न पहिलो अमेजोनियन रबर ट्यापर्स मिटिङको प्लेटफर्म अफ द नेशनल रबर ट्यापर्स काउन्सिल (platform of the national rubber tappers' council of the first amazonian rubber tappers' meeting) ले अमेजन क्षेत्रमा रबर सङ्कलकको हितलाई महत्व दिँदै उनीहरूको हक सुरक्षित हुने खालको विकास आयोजनाको माग गरेको थियो ।

प्रकृति तथा आदिवासीको विनाश गर्ने खालका ठूला उद्योगपति, जमिन्दार, काठ व्यापारी (loggers) तथा ठूलो मात्रामा गाईबस्तु पाल्ने व्यवसायी (cattle rancher) को हितमा आउने कुनै पनि नीति/योजना आदिवासीले नस्वीकार्ने र त्यसविरुद्ध सङ्घर्ष जारी राख्ने जनाइएको थियो ।

पछि, रबर सङ्कलकमध्येका एक नेता चिको मेण्डेसले ब्राजिलको अमेजन क्षेत्रको उष्ण प्रदेशीय वनको एक चौथाई भागलाई उत्पादन सङ्कलन गर्न सकिने आरक्ष (extractive reserve) बनाउनु पर्ने प्रस्ताव गरेका थिए । त्यो प्रस्तावअनुसार त्यस्तो आरक्षित क्षेत्रबाट स्थानीय आदिवासी/रैथाने समुदायले पुनर्नवीकरण हुनसक्ने, औद्योगिक/व्यापारिक लाभसमेत दिनसक्ने गैरकाष्ठ उत्पादन सङ्कलन गर्न पाउने भन्ने थियो । यो प्रस्ताव त्यहाँका ठूला काठ व्यापारी, जमिन्दार तथा गाईबस्तु पाल्ने र्‍याञ्चरहरू (cattle rancher) लाई बिझायो । त्यसपछि चिको मेण्डेस पनि विगत २५ वर्षमा मारिने करिब १,५०० रबर टयापर्स, स्थानीय पुरोहित, सामाजिक कार्यकर्ता, वकिल आदिमध्येका एक हुन पुगे । त्यहाँ ज्यादाभन्दा ज्यादा जमिनमा आधिपत्य जमाउन चाहने ठूला किसान/व्यापारीहरूकै हितमा बन्दूकधारीले हत्या गर्ने काम गर्थे । यस्ता हत्याका धेरै प्रकरणहरूको सरकारी अधिकारीबाट छानबिन गर्ने कुनै तत्परता पनि हुँदैनथ्यो ।

### *अमेजन क्षेत्रको कथा*

सन् १९६० देखि १९८४ सम्म आन्दोलन क्षेत्रमा करिब ८,००० माइल बाटो खोलियो । यसले दक्षिणी भेगबाट मान्छेहरू आउने क्रमलाई बढायो । सडककै माध्यमबाट त्यो क्षेत्रको घना वर्षा-वन (dense tropical rainforest) माथि व्यापारीको आँखा लाग्यो र काठजन्य उत्पादनको निर्यात व्यापार पनि बढ्यो । त्यो क्षेत्रमा ३० वर्षमा करिब १० प्रतिशत भूभाग (६ करोड हेक्टर जमिन) काठको लागि काटियो या खेती/चरनको विकास गर्न ढढाइयो । वन विनाश भएको क्षेत्रको माटो कमजोर हुने र त्यहाँ प्रशस्त वर्षा हुने भएकोले ठूला व्यापारीको हितमा विकास भएका ती चरन क्षेत्र वातावरणीय हिसाबले पूर्ण रूपमा अनुपयुक्त थिए । यस क्रियाकलापले विश्वकै विशाल उष्ण प्रदेशीय वर्षा-वनको उल्लेखनीय विनाश भयो । यो वन विनाशबाट पीडित भए आदिवासी गरिब रबर टयापर्स, जो जीविकोपार्जनको लागि कुनै कानूनी हैसियतबिना परम्परागत रूपमा वनको दिगो उपयोग गर्दै आइरहेका थिए । बाहिरबाट आएका धनी र राजनीतिक शक्तिसम्पन्न ठूला काठ व्यापारी तथा र्‍याञ्चरहरूले सरकारबाट सो क्षेत्रको 'विकास' गर्ने अवसर पाए । सन् १९७० देखि १९७५ सम्म ब्राजिलको एउटा प्रान्त एकर (Acre) मा र्‍याञ्चरहरूले करिब ६० लाख हेक्टर जमिन प्राप्त गर्दा १०,००० भन्दा बढी रबर टयापर्स विस्थापित हुनुपर्‍यो । त्यसपछि नै रबर टयापर्सको सङ्घर्ष शुरु भएको हो, मेण्डेसको अगुवाइमा । ठूला व्यापारीहरूको विरोधमा सबै रबर सङ्कलक, केटाकेटी, महिला-पुरुषको जुलुस जङ्गलभित्र गएर व्यापारीका कामदार तथा

औजारहरूलाई रोक्ने काम गर्थे । उनीहरूको पहिलो जुलुस १० मार्च १९७६ मा भएको थियो अर्थात् चिपको आन्दोलन शुरु भएको तीन वर्षपछि । त्यसपछिको एक दशकको उनीहरूको आन्दोलनले अमेजनको करिब २० लाख एकड जमिन उजाड हुनबाट बचाएको थियो ।

रबर ट्यापर्स सन् १९७० देखि नै सङ्गठित हुन थाले र आन्दोलनलाई अगाडि बढाउन थाले । सन् १९८७ मा जब उनीहरूले वन संरक्षणसम्बन्धी संस्थाहरूसँग सहकार्य शुरु गरे तब उनीहरूको उद्देश्यले नयाँ रूप लिएको भन्न सकिन्छ । त्यो हो वन वा प्राकृतिक स्रोत तथा भूमिमाथिको अधिकार कायम गर्ने । त्यसपछि मात्र उनीहरूले उत्पादन लिन मिल्ने आरक्ष (extractive reserve) को प्रस्ताव अघि सारेका हुन् । यस्तो आरक्षमा स्थानीय आदिवासीहरूले मात्र वन उत्पादन सङ्कलन गर्न पाउने भए र उत्पादन नलिने बेला उक्त क्षेत्रलाई जोगाएर राख्ने गरे जसबाट बिरुवाहरूको पुनरुत्पादन (regeneration) हुन पाउने भयो । यसरी रबर ट्यापर्स सङ्गठित हुँदै जाँदा त्यसको प्रतिरोध गर्न र्‍याञ्चर्स तथा व्यापारीहरू पनि सङ्गठित हुन ग्रामीण प्रजातान्त्रिक सङ्घ (Uniao Democratica Rural) खोले । पहिल्यैदेखि हिंसा र द्वन्द्वको स्थिति भएको सो क्षेत्रमा भिडन्तका घटनाहरू बारम्बार हुन थाले; रबर ट्यापर्सका नेता, सामाजिक कार्यकर्ता आदि मारिने क्रम जारी रह्यो । यही क्रममा २२ डिसेम्बर १९८८ मा ब्राजिलको एकर (Acre) प्रान्तको जापुरी (Xapuri) भन्ने ठाउँमा आफ्नो घरबाट निस्कँदै गर्दा चिको मेण्डेसलाई गोली हानेर हत्या गरियो ।

### *चिको मेण्डेस र उनको सङ्घर्षका उपलब्धिहरू*

गरिब रबर सङ्कलकको परिवारमा जन्मेका चिको मेण्डेस ९ वर्षमै रबर सङ्कलन कार्यमा लागेका थिए । जमिन्दारहरूको अवरोधले गर्दा कुनै स्कूलहरू नभएको हुनाले उनी पढेका थिएनन् । पछि १४ वर्षको उमेरमा राजनीतिक शरणार्थीका रूपमा आएका केही व्यक्तिको सङ्गतले पढ्न सक्ने, समाचार पढ्ने/रेडियो सुन्ने अवसर पाए । चिको मेण्डेसले र्‍याञ्चर्सको स्वार्थबाट आफ्नो (रबर ट्यापर्सको) समुदायलाई बचाउन सङ्गठित गर्दै सङ्घर्ष अघि बढाए जसबाट उनीहरूको हितले अन्तर्राष्ट्रिय समर्थन पनि पाउन सक्यो । सन् १९७० सम्ममा चिको मेण्डेस वन विनाशबाट आदिवासी समुदायको संरक्षण गर्ने अहिंसात्मक आन्दोलनका अग्रणी नेता बन्न पुगे । सन् १९७५ मा आफ्नो प्रान्त एकरमा उक्त आन्दोलनको सङ्घ बनाए । त्यहाँ सन् १९७९ मा उनले वामपन्थी मजदुर पार्टीको निर्माणमा पनि महत्वपूर्ण भूमिका निभाए । सन् १९८५ मा उनले सेरिङ्वेरोज (Seringueiros) भनिने अमेजन क्षेत्रका आदिवासी रबर ट्यापर्सको राष्ट्रिय परिषद गठन गरेर पहिलो राष्ट्रिय बैठकको आयोजना पनि गरे, राजधानी ब्रासिलियामा । गैरसरकारी संस्थाको रूपमा रहेको यो परिषदको मुख्य उद्देश्य वनमा निर्भर रहेका समुदायको बाँच्ने तथा काम गर्ने आधार-हरूको संरक्षण गर्नु थियो । यसैको लागि उनले सन् १९८७ मा उत्पादन लिन सकिने आरक्ष (extractive reserve) को प्रस्ताव गरेका हुन् । चिको मेण्डेसले सन् १९८७ मा

संयुक्त राष्ट्र सङ्घीय वातावरण कार्यक्रमको 'ग्लोबल ५०० ' पुरस्कार तथा टेड टर्नरको 'बेटर वर्ल्ड सोसाइटी' वातावरण पुरस्कार प्राप्त गरे । यसरी तल्लो तहमा काम गर्ने रबर ट्यापर्सको नेताको सङ्घर्षले अन्तर्राष्ट्रिय मान्यता पायो । चिकोले सन् १९८८ मा आफ्नो समुदायको आरक्षमा अतिक्रमण गर्न खोज्ने र्‍याञ्चर डार्ली अल्भिसको प्रयासलाई विफल पार्ने मजदुर सङ्घर्षलाई नेतृत्व गरेका थिए । त्यही भएर डार्लीको छोरा डार्सी अल्भिसले सोही वर्ष डिसेम्बर २२ मा चिको मेण्डेसको हत्या गर्‍यो । हत्यापछि ३० वटा सङ्घसंस्था, चर्च, मानव अधिकार/राजनीतिक अधिकार/वातावरणीय संरक्षणका संस्थाहरू मिलेर 'चिको मेण्डेस समिति' बनाए । सो समितिले हिंसाको उचित सजाय दिलाउन राष्ट्रिय/अन्तर्राष्ट्रिय माध्यमहरूमार्फत आधिकारिक निकायलाई दबाब दियो । फलस्वरूप सन् १९९० मा हत्याराहरू डार्ली र डार्सी अल्भिस पक्राउ परे र १९ वर्षको लागि थुनामा परे । सन् १९९३ मा उनीहरू थुनाबाट भाग्न सफल भए पनि सन् १९९६ मा डार्ली पुनः समातियो र हालसम्म थुनामै छ ।

यसरी चिको मेण्डेस र उनीसँग सम्बन्धित घटनाक्रमले नै सेरिङ्वेरोजको समस्यालाई अन्तर्राष्ट्रिय महत्वमा ल्याएको हो । हुन त मर्नुभन्दा केही वर्ष अगाडिसम्म पनि चिको मेण्डेसको प्रमुख उद्देश्य रबर ट्यापर्सको समुदायको वनबाट प्राप्त जीविकाको अधिकारलाई सुरक्षित गर्नुमै सिमित थियो । उनी वन विनाशको विरोध गर्ने सामाजिक न्यायको एक सक्रिय कार्यकर्ता थिए । तर पछि सन् १९८५ मा समुदायको हितमा लडेको उनको सङ्घर्ष अन्तर्राष्ट्रिय उष्ण प्रदेशीय वर्षा वन संरक्षणको आन्दोलनसँग जोडिन पुग्यो । यसरी उनको सङ्घर्ष वातावरणीय मुद्दा र मानवअधिकार कसरी एक अर्कासँग जोडिएका छन् भन्ने कुराको प्रतीकको रूपमा रह्यो र वातावरणीय न्यायको अभियानको एक उल्लेख्य उदाहरण बन्यो । उनको सङ्घषमा तीन वटा उद्देश्यहरू प्रष्ट देखिन्छन्– आदिवासी/गरिबहरूको जीविकोपार्जनको रक्षा र सामाजिक न्याय, व्यापारिक उद्देश्यले हुने ठूलो परिमाणको वन विनाशको विरोध, जीविकोपार्जन अधिकार सुरक्षित गर्न विरोध प्रदर्शन र सङ्घर्ष । ♦